# परमेश्वर र शैतानको बीचमा भइरहेको महाद्वन्द्वमा संलग्ना नीतिहरू



## शबाथ दउिसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *दानिएल १०:१-१४; प्रकाश १३:१-८; अय्यूब १:१-१२; अय्यूब २:१-७; यूहन्ना १२:३१; यूहन्ना १४:३०; मर्कूस ६:५ र ९:२९।*

**याद गर्नुपर्ने पद: "जसले पाप गर्छ त्यो दियाबलस [डेभिल वा शैतान]-को हो। किनकि दियाबलसले त सुरुदेखि नै पाप गर्दैआएको छ। [शैतान वा डेभिल] दियाबलसका कामहरू नष्ट पार्नलाई नै परमेश्वरका पुत्र प्रकट हुनुभएको हो।"** *(१ यूहन्ना ३:८)*।

**१ राजा** १८:१९-४०मा एउटा अत्यन्तै प्रभाकारी र उल्लेखनीय विवरण प्रस्तुत गरिएको छ। यसमा जगत् ब्रह्माण्डमा भइरहेको महासङ्ग्राम वा विवादीय युद्धको चित्र ज्वलन्त तरिकाले चित्रण गरेको छ। त्यो कार्मेलको पहाडमा घटेको घटना हो। परमेश्वरको अगमवक्ता एलियामार्फत परमेश्वरले यस संसारका विभिन्न राष्ट्रहरूका देवीदेवताको भन्डाफोर गर्नुभएको थियो। मानिसको कल्पनाले सृजना गरेका विभिन्न पौराणिक र आधुनिक देवीदेवताहरूको पर्दा पछाडि के भइरहेका छन् भन्ने हामीले सोचेको भन्दा बढि भइरहेको हुन्छ। इस्राएलीहरूले नै अरू राष्ट्रहरूका देवीदेवताहरूलाई निम्त्याएर आफूहरूलाई तिनीहरूको घेरामा पारिरहेका थिए। तिनीहरूलाई नै विभिन्न संस्कारहरूद्वारा पूजाआजा गरिरहेका थिए। तर तिनीहरूले ती मूर्तिहरूलाई होइन अर्कैलाई पूजा गरिरहेका थिए।

यस मामिलामा बाइबल स्पष्ट छ: "तिनीहरूले भूतहरू वा शैतान र उसका पतित

स्वर्गदूतहरू वा राक्षसहरूका निम्ति बलि चढ़ाए, जो ईश्वर होइनन्, तिनीहरूले नचिनेका देवताहरूलाई, भर्खरै देखा परेका देवताहरूलाई, तिमीहरूका पिता-पुर्खाले भक्ति नगरेका देवताहरूलाई।" *(व्यवस्था ३२:१७)*। यसमा पावलले थप्दछन्, "मूर्तिपूजकहरूले जो बलि चढ़ाउँछन्, त्यो परमेश्वरलाई होइन, तर शैतान वा भूतप्रेतलाई चढ़ाउँछन्, र तिमीहरू भूतप्रेतसँग सहभागी होओ भन्ने म चाहन्नँ। तिमीहरू प्रभुको कचौरा र भूतप्रेतको कचौरा दुवैबाट पिउन सक्दैनौ। तिमीहरू प्रभुको टेबल र भूतप्रेतको टेबल दुवैबाट खान सक्दैनौ। के हामीले प्रभुलाई डाही तुल्याउने? के हामी उहाँभन्दा शक्तिशाली छौं र?" *(१ कोरन्थी १०:२०-२२)*।

ती कपोलकल्पित विभिन्न धर्महरूको नाउँमा उब्जाएका देवीदेवताहरूको पछाडि खास गरेर शैतान र उसका मतियारहरू नै मुकुन्डो लगाएर बसिरहेका हुन्छन्। भनाइको तात्पर्य यो हो कि बाइबलमा उल्लेख गरिका विभिन्न वा विदेशी देवीदेवता र तिनीहरूका मूर्तिहरूको पछाडि यस संसारका परमेश्वर नभएर शैतान र उसका मतियारहरूको चलखेल भइरहेको छ। यो नै जगत् ब्रह्माण्डमा भइरहेको महाद्वन्द्वको निचोड हो।

यदि ती पृष्ठभूमि हामीले बुझ्न सकेको भए जगत् ब्रह्माण्डमा भइरहेको महासङ्ग्रामको बारेमा हामीले अझ राम्रोसँग बुझ्न सक्ने हुन्छौं। यदि बाइबलले खुलासा गरेको यो सत्य आत्मज्ञानलाई बुझ्न सक्यौं भने परमेश्वर र शैतानको बिचमा भइरहेको ब्रह्माण्डीय महासङ्ग्राम र पाप तथा खराब तत्त्वको समस्याको स्वभाव यस संसारमा कसरी बिगबिगी भइरहेको छ सो हामीले जान्नेछौं।

# ढिलो गर्नुभएको स्वर्गदूत

सारा राष्ट्रका कपोलकल्पित देवीदेवताहरू शैतान र उसका मतियारहरूकै छली चलखेल हुन् भनेर हामीले हेर्‍यौं। यस संसारका शासकहरूलाई प्रायः जसो चलाउनेहरू पनि शैतानका अलौकिक शासकहरू नै हुन् भनेर बाइबलमा विभिन्न ठाउँहरूमा प्रमाणित गरेर देखाइएको छ। शैतानको यस्तो शक्ति छ कि परमेश्वरका स्वर्गका दूतहरूलाई पनि रोक्न उहाँका शत्रुहरू लाग्न सक्दो रहेछ भनेर बाइबलले नै खुलासा गर्दछ।

पढ्नुहोस्: **दानिएल १०:१-१४ पढ्नुहोस्। विशेष गरेर पद १२ र १३मा ध्यान दिनुहोस्। जगत् ब्रह्माण्डको महासङ्ग्राम कति सान्दर्भिक छ भनेर ती पदहरूले कसरी सिकाउँछन्? परमेश्वरले नै केही काम गर्न पठाउनुभएको स्वर्गदूतलाई एकाइस दिनसम्म रोकेको कुरालाई तपाईं के भन्नुहुन्छ?**

________________________________________

________________________________________

________________________________________

दानिएलकहाँ जान परमेश्वरले पठाउनुभएको स्वर्गदूतलाई नै तीन हप्तासम्म कसरी रोक्न सकेको होला? सर्वशक्तिमान् परमेश्वरले दानिएलको प्रार्थनाको जवाफ तुरुन्तै दिने उहँको अधिकार थियो। तर त्यो अधिकार उहाँले चाहेमा मात्र प्रयोग गर्नुहुन्थ्यो। उहाँले आफ्नो शक्तिलाई प्रयोग गर्न चाहनुभएको भए उहाँले तुरुन्तै गर्नुहुन्थ्यो अर्थात् दानिएलको अगाडि स्वर्गदूत तुरुन्तै खडा पार्न सक्नुहुन्थ्यो। तर पनि परमेश्वरले पठाउनुभएको स्वर्गदूतलाई फारस साम्राज्यका राजकुमारले तीन हप्तासम्म रोकाएका थिए। यहाँ के भइरहेको छ, हँ?

"तीन हप्तासम्म अन्धकारका शक्तिहरूसँग गब्रिएल स्वर्गदूतले कुस्ती खेलेका थिए। अन्धकारको शक्तिले कोरेस [साइरस]-लाई परमेश्वरले पार्न खोज्नुभएको प्रभावको प्रतिकार गरेको थियो। परमेश्वरका जनहरूको निम्ति गर्ने कामहरू सारा स्वर्गले गर्न सक्नेसम्म गरिएको थियो। अन्तमा परमेश्वरले विजय पाउनुभएको थियो। कोरेसका र उसका छोरा क्याम्बिसिसका दिनहरूमा शत्रु शैतानका फौजहरूलाई नियन्त्रणमा राखिएको थियो।–एलेन जी. ह्वाइट, *प्रोफेटस एण्ड किङ्स*, पृ. ५७२।

यस द्वन्द्वको गतिविधि हुनको निम्ति परमेश्वरले आफ्नो सबै शक्तिलाई प्रयोग नगर्नुभएको हुनुपर्दछ। शैतानमा भएको शक्ति र उसको आफ्नै स्वतन्त्रतालाई जबरजस्ती अहिले नै नहटाउने परमेश्वरको निर्णय हो। तर उसको शक्तिलाई केही हदमा सीमितै राखिएको छ। त्यसको विस्तृत विवरण हामीलाई प्रकट गरिएको छैन। जगत् ब्रह्माण्डमा भइरहेको महाद्वन्द्वमा केही नीति वा सीमित घेराहरू छन् जसभित्र परमेश्वर र स्वर्गदूतहरू सञ्चालित छन्। त्यस महाद्वन्द्वमा संलग्न हुन केही नियमहरू छन् जुन हामीले आउने अध्यायहरूमा हेर्नेछौं।

यदि परमेश्वर प्रेमको दायरामा रहेर मात्र काम गर्नुहुन्छ र करकाप गरेर होइन, यो नीति परमेश्वरको राज्यको जग हो भनेर हामीले बुझ्न सक्यौं भने महाद्वन्द्वमा संलग्न भएका सीमित वा नीतिहरूलाई बुझ्न कठिन हुँदैन। प्रेमले मात्र परिचालित भएर परमेश्वरले काम गर्नुहुन्छ भन्ने उहाँका नीतिहरूलाई हामीले राम्रोसँग बुझ्न सक्यौं भने जगत् ब्रह्माण्डमा भइरहेको महाद्वन्द्वको बारेमा राम्रोसँग बुझ्न सक्ने हुन्छौं।

**करकापले होइन प्रेमका नीतिहरूभित्र रहेर मात्र काम गर्नुपर्छ भन्दा त्यसको सीमितपनालाई तपाईंले कसरी बुझ्नुहुन्छ? त्यस खालको शक्तिका सीमाहरूको बारेमा तपाईंले के पाठहरू सिक्नुभएको छ?**

# प्रकाशको पुस्तकको अजिङ्गर वा सर्प

अन्धकारका शासकहरूसँग भइरहेको महाद्वन्द्वलाई प्रकाशको पुस्तकले स्पष्टरूपमा वर्णन गरिएको छ। यहाँ शैतानलाई ठूलो अजिङ्गर वा सर्प जसले परमेश्वरको विरुद्धमा गएर सारा संसारलाई धोखा दिन अग्रसर भएको देखाउँछ *(प्रकाश १२:९)*।

पढ्नुहोस्: **प्रकाश १३:१-८ पढ्नुहोस्। यसमा अजिङ्गर वा शैतानले गर्ने क्रियाकलापलाई कुन स्थानमा मात्रै सीमित राखिएको छ भनेर कसरी बताउँदछ?**

---

---

त्यो अजिङ्गर वा शैतान केवल परमेश्वरको *(प्रकाश १२:७-९)* र उहाँका सेवकहरूको विरुद्धमा मात्र युद्ध गरेन *(प्रकाश १२:१-६)*, तर यस संसारका राष्ट्रहरूका शासकहरूको पछाडि बसेर परमेश्वरका जनहरूसँग युगौँ-युगदेखि सतावट दिने शासक हुन् भनेर चित्रण गरिएको छ।

अनि त्यस अजिङ्गर वा शैतानले "समुद्रबाट निस्किएको पशुलाई आफ्नो शक्ति, सिंहासन र ठूलो अधिकार दियो" भनेको छ *(प्रकाश १३:२लाई प्रकाश १३:५ र १७:१३, १४सँग तुलना गर्नुहोस्)*। यो समुद्रबाट निस्किएको पशुलाई "अहङ्कारी र ईश्वर-निन्दक शब्दहरू उच्चारण गर्ने मुख दिइयो। त्यसलाई बयालीस महिनासम्म अधिकार चलाउने अनुमति दिइयो *(प्रकाश १३:५)*।

अजिङ्गर वा शैतानले यस संसारमा शासन गर्ने अख्तियारलाई शक्ति र अधिकार दियो। त्यो अख्तियार पाउने पशु पृथ्वीका शासक हो जोसँग धार्मिक र राजनैतिक अधिकार छ। त्यस पशुले परमेश्वरको नाउँको ईश्वर-निन्दा गर्छ; यसले परमेश्वरका पवित्र जनहरूसँग (सन्तहरू) युद्ध गरेर जित्दछ, तर कमसेकम केही समयको निम्ति। त्यस पशुलाई यो अधिकार र क्षेत्र अजिङ्गर वा शैतानले नै दिएको हो। त्यो शैतान यस पृथ्वीलाई कब्जा गरेर आफ्नो आधिपत्य जमाउँछ।

तैपनि शैतान र उसका मतियारहरूको समय सीमित छ भनेर स्पष्ट किटानी गरेको छ। त्यसकारण, "हे स्वर्गमा रहनेहरू, तिमीहरू रमाओ। तर पृथ्वी र समुद्रलाई धिक्कार छ! किनभने आफ्नो समय अल्प छ भनी थाहा पाएर दियाबलस ठूलो क्रोधसाथ

तिमीहरूकहाँ तल आएको छ।" *(प्रकाश १२:१२)*।

उसको समय छोटो छ भनेर शैतानलाई थाहा छ *(प्रकाश १२:१२)*। प्रकाशमा वर्णन गरिएका घटनाहरू भविष्यवाणीको विशेष समयावधि भित्र हुन्छन् *(प्रकाश १२:१४; प्रकाश १३:५)*। त्यो उसले दुष्ट वा खराब शक्तिहरूमाथि रजाइँ गर्न छोटो समय हो।

अन्तमा आएर परमेश्वरले नै विजय प्राप्त गर्नुहुन्छ। "उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।" *(प्रकाश २१:४)*।

**वर्तमान युगमा शैतानका शक्तिहरूको बिगबिगी चलिरहेको स्वीकार गर्न हामीलाई जति कठिन भए तापनि अन्तमा खराबमाथि असलले नै विजय पाउनेछ। यो विजय अनन्त समयसम्म हुनेछ। यो अचम्मको प्रतिज्ञालाई हामीले किन कहिले पनि बिर्सिनुहुन्न?**

# अय्यूबको मामिला

परमेश्‍वर र शैतानको बीचमा भइरहेको वास्तविक महाद्वन्द्वमा मानिस कसरी च्यापिएको छ भनेर अय्यूबको पुस्तकमा बयान गरेको छ।

पढ्नुहोस्: **अय्यूब १:१-१२ र २:१-७ पढ्नुहोस्। यहाँ परमेश्‍वर र शैतानको बीचमा भइरहेको महाद्वन्द्वका सिद्धान्त वा नीतिहरूको पर्दा कसरी खोलिएको छ?**

यस विवरणमा अत्यन्तै महत्त्वपूर्ण विषयवस्तुहरू हामीले नियाल्न सक्छौं। पहिलो त स्वर्गमा सभासद् बसेको दृश्य देखाइएको छ। त्यहाँ केवल परमेश्‍वर र शैतानको बीचमा कुराकानी मात्र भएको थिएन। जगत्का अरू जीवहरू पनि त्यहाँ समावेश भएका थिए।

दोस्रोमा त्यहाँ केही विवादको अस्तित्व भएको थियो। त्यसमा परमेश्‍वरले शैतानलाई नै अय्यूबको बारेमा थाहा छ कि भनेर सोध्नुभएको थियो। अय्यूबको बारेमा के थाहा छ रे? जगत्मा भइरहेको विवादको सन्दर्भमा यहाँ वृहत चित्रण दिएको पाइन्छ।

तेस्रोमा परमेश्‍वरले अय्यूब निर्दोष, सिधा, परमेश्‍वरको भय मान्‍ने र खराबबाट अलग बस्‍ने भनेर तारिफ गर्नुभएको थियो। परमेश्‍वरले अय्यूबलाई सुरक्षा दिनुभएकोले मात्र उनमा ती गुणहरू भएको भनेर शैतानले दाबी गर्छ [कतिपय समयमा चर्चबाट वा मिसनबाट वा अरूबाट पैसा पाएकोले कतिपय मानिसहरू इसाई भएको भनेर सुनाउँछन्]। शैतानले लगाएको त्यो आरोपले परमेश्‍वर र अय्यूबको चरित्रमा नै बेइज्जत भएको थियो *(यसलाई प्रकाश १२:१० र जकरिया ३सँग तुलना गर्नुहोस्)*।

चौथोमा परमेश्‍वरले अय्यूबलाई राख्नुभएको सुरक्षा घेरा उचित छैन जसले गर्दा शैतानको आरोपलाई उसले प्रमाणित गर्न असम्भव भएको भनेर उसले बताउँछ। यसमा शैतानले आफ्नो शक्ति प्रयोग गर्ने अधिकार सीमित भएको देखाउँछ। शैतानले उनलाई पहिला नै प्रहार गर्न खोजेको थियो भनेर महसुस गराउँछ।

सारा जगत् ब्रह्माण्डको सभासद्को सामु परमेश्वरले शैतानलाई उसको आरोपलाई प्रमाणित गरेर देखाऊ भनेर हुकुम गर्नुहुन्छ तर उसले गर्ने प्रहारलाई सीमित गराएको छ। अय्यूबमा भएका सबै थोकमाथि परमेश्वरले शैतानलाई अधिकार दिनुहुन्छ तर उसको शरीरमा नछुनू भनेर उहाँले आदेश दिनुहुन्छ *(अय्यूब १:१२)*। अय्यूबको भौतिक र पारिवारिक क्षतिपछि पनि आफ्नो निष्ठामा अडिग भएकोले शैतानले अझै गुनासो गर्दछ। तब अय्यूबको शरीरलाई कष्ट देऊ तर उनको ज्यानचाहिँ नलेऊ भनेर परमेश्वरले उसलाई अनुमति दिनुहुन्छ *(अय्यूब २:३-६)*।

शैतानले अय्यूबलाई ल्याएको भयानक विपत्तिपछि पनि परमेश्वरप्रति आफ्नो आस्था नछोडेकोले यहाँ शैतानको आरोपलाई झुटो ठहराइन्छ *(अय्यूब १:२०-२२; अय्यूब २:९, १०)*।

यहाँ हामीले धेरै कुराहरू सिक्न सक्छौं। जगत् ब्रह्माण्डमा भइरहेको महाद्वन्द्वमा केही नियमहरू लागु भएको हामी देख्दछौं। स्वर्गको सभासद्मा शैतानले परमेश्वरको विरुद्धमा लगाएको आरोपलाई त्यहीँ सरासर खण्डन गर्न त सकिन्थ्यो। तर परमेश्वरले दिनुभएको प्रेमका पवित्र नीतिहरूलाई उहाँले प्रमाणित नगरीकनै शैतानलाई ठिक पार्न चाहनुभएन। सारा विश्व ब्रह्माण्ड र त्यहाँ भएको बौद्धिक जीवहरूलाई प्रेम नै परमेश्वरको राज्यको जग हो भनेर उहाँले प्रकट गर्नुपरेको थियो।

अय्यूबको पुस्तकमा वर्णन गरिएको स्वर्गमा भएका ती दृश्यहरूले महाद्वन्द्वको वास्तिविकतालाई रोचक तरिकाले प्रस्तुत गरिएको छ। यही पृथ्वीमा त्यो द्वन्द्व कसरी कायम भइरहेको छ भनेर यसले हामीलाई बुझाउँछ।

# यस पृथ्वीको अस्थायी शासक

जगत् व्यापी महाद्वन्द्वमा शैतान र उसका मतियारहरूलाई यस संसारमा सीमित क्षेत्र प्रदान गरेर त्यसमा चलखेल गर्न केही नियमहरू तिनीहरूलाई दिएको अघिल्लो अध्यायहरूमा हामीले हेर्‍यौं।

महाद्वन्द्वमा संलग्न हुँदा महाशत्रु शैतान र उसका मतियारहरूका क्रियाकलापहरू मात्र सीमित राखिएको छैन, तिनीहरूकै कार्यक्षेत्रभित्र रहेर तिनीहरूलाई सखाप पार्ने परमेश्वरको योजनालाई अस्थाइ रूपमा सीमित पारिएको छ। प्रभुले आफ्ना प्रतिज्ञाहरूलाई कहिल्यै नतोड्ने भएकोले शैतान र उसका गतिविधिहरूलाई पूर्ण रूपमा विकसित गराउन उहाँले यस संसारको शासन अस्थाइ रूपमा उसलाई सुम्पनुभएको थियो। परमेश्वरले भविष्यमा गर्नुहुने शैतानमाथि फैसलालाई किनारामा राखेर स्वेच्छाले अहिलेको निम्ति उहाँले आफ्नो नैतिक दायरालाई सीमित राख्नुभएको थियो। तर उहाँको शक्ति कमजोर छ भनिएको होइन।

पढ्नुहोस्: **निःसन्देह सनातन परमेश्वर यस पृथ्वीका सृष्टिकर्ता र स्वामी हुनुहुन्छ। तैपनि यस संसारमा भइरहेका अवाञ्छित गतिविधि, जस्तैः हिँसा, हत्या, आतङ्क, भ्रष्टाचार, दमन मानिसहरूप्रति अमानवीय रूपमा भइरहेकोमा शैतानकै शासनको जिम्मेवारी छ भनेर देहायका पदहरूले कसरी खुलासा गराउँछन्? यूहन्ना १२:३१; यूहन्ना १४:३०; यूहन्ना १६:८-११; २ कोरन्थी ४:३-४; र लूका ४:६ पढ्नुहोस्।**

________________________________________

________________________________________

________________________________________

दुई राज्य शक्तिहरूको बीचमा भीषण मुकाबिला भएको नयाँ करारले खुलासा गरिएको छ। ती राज्यहरू हुन् ज्योति र अन्धकारका। शैतान र उसको विद्रोहको कारणले यस संसारलाई अन्धकारको बादलले ढाकिएको छ। यो बाइबलले अस्वीकार गर्दैन। तर शैतानको राज्यलाई परास्त गर्ने लक्ष्य लिएर येशू आउनुभएको थियो। यस मामिलामा येशूका चेला यूहन्नाले यसरी नै खुलासा गरेका छन्: "जसले पाप गर्छ त्यो दियाबलस वा शैतानको हो। किनकि दियाबलसले त सुरुदेखि नै पाप गर्दैआएको छ। दियाबलसका

कामहरू नष्ट पार्नलाई नै परमेश्वरका पुत्र प्रकट हुनुभएको हो।" *(१ यूहन्ना ३:८)*।

यद्यपि, आफ्ना राज्यशासन पद्धतिका नियमहरूमा कतिबद्ध हुने नीति भए तापनि उहाँले केही नीतिहरू राख्नुभएको छ जसले गर्दा उहाँले आफूलाई नै सीमित पार्नुभएको थियो। ती केही नीतिहरूमा (१) उहाँले सृष्टि गर्नुभएका जीवनहरूले आत्मनिर्णय वा विवेकको स्वतन्त्रता पाउने अधिकार र (२) महाद्वन्द्वमा संलग्न हुने केही सामान्य नियमहरू। ती सबै अहिले नै हामीलाई खुलासा त गरिएको छैन। यस संसारमा तुरुन्तै शैतानलाई नाश पार्ने र खराब तत्त्वलाई बिलाउने परमेश्वरको शक्ति भए तापनि शैतानको गतिविधिको चुलीमा उसले नै पुऱ्याऊन् भन्ने हेतुले उसलाई नाश गर्ने उहाँको नैतिक अधिकारलाई केही समयसम्म परमेश्वरले नै खिचिराख्नुभएको छ। त्यसैकारण हामीले यस संसारमा अनेकौँ खराब तत्त्व, आतङ्क, दुःख कष्टको बिगबिगी निरन्तर रूपमा भइरहेको देख्छौं। त्यसले गर्दा कतिपयले उहाँको अस्तित्वकै बारेमा प्रश्न गर्ने मौका पाइरहेका छन्। परमेश्वर असल हुनुहुन्छ भने ती खराबले किन निरन्तरता पाइरहेका छन् भन्ने प्रश्न कुन बुद्धिजीवीले गरिरहेको छैन होला? तर, यदि महाद्वन्द्वको पृष्ठभूमि हामीले बुझ्न सक्यौं भने र खराबलाई सदाको निम्ति थन्क्याउने उहाँको अधिकारलाई अहिले नै आफ्नो सीमामा राख्नुभएको छ भनेर पनि बुझ्न सक्यौं भने अहिले भएका कतिपय गतिविधिहरूलाई हामीले बुझ्न सक्छौं। परमेश्वरले एक दिन खराबमाथि विजय पाउनुहुनेछ भन्ने विद्यामा हामी आश्वस्त हुन सक्दछौं।

**येशू ख्रीष्टले आफूलाई होइन शैतानलाई यस संसारको शासक भनेर सम्बोधन गर्नुभएकोमा यस संसारमा भइरहेका खराब वा दुष्ट तत्त्वहरूको बिगबिगीमा हामीले केही हदसम्म कसरी बुझ्न सक्छौं? शैतानको शासन वा उसको प्रभुत्त्व केवल केही समयको निम्ति मात्र हो भन्ने ज्ञानले हामीलाई कसरी सान्त्वना प्रदान गर्दछ?**

# सिमितहरू र नियमहरू

वास्तविक रूपमा भन्ने हो भने जगत् ब्रह्माण्डमा भइरहेको महाद्वन्द्व परमेश्वरको चरित्र व स्वभावमाथिको हो। परमेश्वरको असल मिजास, न्याय र राज्यको विरुद्धमा झुटो र बेइज्जपूर्ण आरोपहरू शैतानले लगाएको थियो। यो त जगत् ब्रह्माण्डमा नै शैतानले उहाँको विरुद्धमा मुद्दा चलाएको थियो।

यस खालको मुद्दामा केवल झट्टै शक्तिलाई प्रयोग गरेर होइन तर त्यो आरोप कतिको सत्य झुटो छ भनेर देखाउनैपरेको थियो।

यदि कुनै पदमा भएको व्यक्तिको विरुद्धमा मुद्दा चलाएमा त्यसको सामना गर्न स्वतन्त्र, निष्पक्ष, न्यायोचित र खुला छानबिन गरेर मात्र आरोपित व्यक्तिलाई हराउन सकिन्छ। यदि आरोपले प्रेमले चलाएको सारा राज्यशासनलाई धक्का पर्छ भने त्यसलाई हतपत छिनोफानो गर्न सकिँदैन।

खराब वा दुष्टताको समस्यासँग सम्बन्धित जगत् ब्रह्माण्डमा भइरहेको महाद्वन्द्वको बारेमा राम्रोसँग बुझ्न सक्नुको अर्थ के हो? के परमेश्वरले प्रतिज्ञा गर्नुभको छ भने के उहाँले त्यसलाई कहिल्यै तोड्नुहुनेछ त? अहँ। परमेश्वर आफै त्यस युद्धको नीतिअनुसार नै फैसला गर्नुहुने भएकोले उहाँले आफ्नो भविष्यको क्रियाकलापलाई नैतिक रूपमा सीमित राख्नुभएको थियो। यसले गर्दा अन्धकारको अस्थायी प्रभुत्वमा केही खराबहरू हुन सक्थ्यो।

पढ्नुहोस्: **मर्कूस ६:४-६ र मर्कूस ९:२९ पदहरू पढ्नुहोस्। विश्वास र प्रार्थनासँग परमेश्वरको क्रियाकलाप कसरी जोडिन सक्छ भनेर यी पदहरूले कसरी देखाउँछन्?**

ती दुवै विवरणहरूमा संलग्नताका केही नियमहरूले परमेश्वरको कामलाई सीमित राखिएको देखाइएको छ। तर त्यो सीमा नाटकीय रूपमा प्रार्थना र विश्वाससँग सम्बधित थियो। बाइबलमा अरू ठाउँहरूमा पनि हामी पाउँछौं कि प्रार्थनाले धेरै कुराहरू फरक

पार्दछ। यसले परमेश्वरको काममा बाटोहरू खुल्दछ जुनविना प्रायः जसो खोलिँदैन वा कसैले प्रार्थना नै गरेन भने उसको समस्यामा हस्तक्षेप गर्न परमेश्वरलाई नैतिक रूपमा बाध्यता हुँदैन। तर हाम्रो जीवनमा परमेश्वरको हस्तक्षेप गर्न केवल प्रार्थना र विश्वास मात्रै सबै थोक हुन् भनेर सोच्नहुन्न। त्यहाँ केही तत्त्वहरू होलान् जुनप्रति हामी अनजान छौं।

महाद्वन्द्वको क्रियाकलापमा संलग्न हुँदा केही नीतिहरू छन् भन्ने हामीले पहिला गरेको छलफलसँग धारणा मिल्दछ। परमेश्वर आफै ती नीतिहरूमा चल्ने कटिबद्ध हुनुभएको थियो। वर्तमान समयमा उहाँको क्रियाकलाप नैतिक रूपमा सीमित भएको हुन्छ। त्यसले गर्दा शैतानका गतिविधिहरू अस्थायी रूपमा भए तापनि उसको अन्धकारको राज्यले सञ्चालन गर्न दिइएको थियो।

**रोमी ८:१८ र प्रकाश २१:१-७ पदहरू पढ्नुहोस्। हामीलाई कति कुराहरू थाहा नभए तापनि यी पदहरूले परमेश्वरमाथि हामी भरोसा राख्न सक्छौं भनेर कसरी सिकाउँदछन्? हाम्रो उत्तम भलाइ परमेश्वरलाई थाहा छ र एक दिन सबै खराब तत्त्वहरूको अन्त्य हुनेछ र हामी परमेश्वरको राज्यमा सच्चिदानन्दीय जीवन बिताउन सक्नेछौं भनेर कस्तो आश्वासन यी पदहरूले हामीलाई बताउँछन्?**

**थप जानकारी:** एलेन जी. ह्वाइटद्वारा लिखित *टेस्टिमोनिज फर द चर्च*, ठेली १, पृ. ३४१-३४७को “द पावर अभ शैतान” भन्ने अंश पढ्नुहोस्।

“पतित मानिस वा पापमा नै रहन रुचाउनेहरू पापको नीतिअनुसार शैतानकै कब्जामा हुन्छन्। त्यस महाविद्रोहीको कब्जाबाट पतित मानिसलाई उसको स्वेच्छाद्वारा छुटाउन लक्ष्य लिएर येशू आउनुभएको थियो। पापले गर्दा मानिसहरू स्वभावैले शैतानका कुराहरू सुन्न झुकेका हुन्छन्। ख्रीष्टको सहयोगिवना उसले महाशत्रु शैतानसँग मुकाबिला गर्न सक्दैन। त्यस मानिसमा शक्तिशाली विजयी हुनको लागि येशू ख्रीष्ट हुनैपर्छ। उहाँले नै उसका चाहनाहरूलाई अगुवाइ गर्नुहुन्छ र उसलाई बल दिनुहुन्छ। परमेश्वरले मात्र शैतानको शक्तिलाई सीमित गर्न सक्नुहुन्छ। शैतान यस पृथ्वीमा यताउति र तलमाथि घुमिरहेको हुन्छ। उसले एक क्षण पनि मानिसलाई फसाउन रोक्दैन। मानिसलाई डर, धम्की र त्रास देखाएर नाश गर्न शैतान जहिले पनि चनाखो भएर हेरिरहेको हुन्छ। यो ज्ञान येशूभक्तहरूमा हुनु जरुरी छ। शैतानको पञ्जाबाट येशूभक्तहरू उम्केर बस्नु आवश्यक छ। शैतानले परमेश्वरका जनहरूलाई आफ्नो जालमा पार्न अनेकौँ प्रपञ्चहरू रचिरहेको छ। परमेश्वरका जनहरूको विरुद्धमा उसको अन्तिम अभियान जारी छ। तिनीहरूले शैतानका जालहरूलाई नबुझ्न सक्छन्। २ कोरन्थी ११:१४मा पावलले यो जिकिर गर्दछन्, “अचम्म नमान वा चकित नहोऊ किनकि शैतान आफै ज्योतिको स्वर्गदूतको भेष धारण गर्छ।” शैतान त कपोलकल्पित वा कल्पना मात्र हो र उसको अस्तित्व नै छैन भनेर कतिले सिकाइरहेका हुन्छन्। तिनीहरूलाई उसले आफ्नो कब्जामा लिइरहेको हुन्छ। तिनीहरूकै माध्यमबाट शैतानले ठूलो धोखा रचिरहेको हुन्छ। जब येशूभक्तहरू ख्रीष्टको बलमा चल्छन् तब शैतानमाथि तिनीहरूको शक्ति हुन्छ भनेर उसलाई थाहा छ। जब येशूभक्तहरू शक्तिशाली विजयी येशूसँग नम्र भएर सहयोगको निम्ति याचना गर्छन् तब सत्यमा अत्यन्तै कमजोर भएका विश्वासी पनि उहाँमाथि भरोसा राख्यो भने शैतान र उसका फौजहरूलाई परास्त गर्न सक्छ। उसले मानिसहरूलाई फसाउन हाकाहाकी आउँदैन। यसले निदाउने र जोश र जाँगर नभएका इसाईहरूलाई फसाउन खोज्छ। इसाई हुँ भनेर दाबी गर्ने र परमेश्वरका आज्ञाहरू नमान्नेहरूलाई फसाउन उसले अनेकौँ रूप लिएर तिनीहरूलाई थाहा नै नदिएर तिनीहरूलाई फसाउन सक्छ।”–एलेन जी. ह्वाइट, *टेस्टिमोनिज फर द चर्च*, ठेली १, पृ. ३४१।

## छलफलको लागि प्रश्नहरू:

१. शैतानले कानुनी रूपमै आफ्नो कब्जामा राखेको अर्थ के हो? त्यसको अर्थ के शैतानले मानिसलाई जे चाह्यो त्यही गर्न सक्छ र? सक्दैन भने किन सक्दैन? जगत् ब्रह्माण्डमा भइरहेको महाद्वन्द्वमा पनि केही नियमहरू छन् भन्नुको अर्थ के हो?

२. अस्थायी रूपमा भए तापनि महाद्वन्द्वमा परमेश्वरले शैतानलाई उसको क्षेत्र किन तोकिदिनुभएको छ? शैतानको आरोपलाई परमेश्वरले कसरी जवाफ दिन खोज्नुभएको छ भनेर त्यसले हामीलाई कसरी बताउँछ?

३. इसाईहरू नै किन नहून्, शैतानको अस्तित्वको इन्कार गर्नेहरूलाई तपाईंले कसरी जवाफ दिनुहुन्छ? हामीले शैतानको अस्तित्वलाई प्रमाणित त गर्न सक्दैनौं, तर तपाईंसँग के-के प्रमाणहरू छन् जसले गर्दा शैतानले मानिसहरूलाई घोर धोखा दिइरहेको छ भन्ने प्रमाणित गर्न सकिन्छ?

# आइरहने पाहुनाः भाग २

*लेखकः* आन्ड्र्यु मेकचेस्ने

सेभेन्थे-डे एड्भेन्टिस्ट बाल चिकित्सकको निम्ति १३ वर्षकी माट्रोना दैत्यजस्तो थिइन्।

फोनबाट गरेको कुराकानीको चार महिनापछि कलेट सात घन्टा कारबाट अलास्काको आन्कोरेजदेखि फेयरबाँकमा माट्रोनालाई भेट्न गइन्। उनी अरू १९ जना केटी र केटाहरूसँग अनाथलयमा रहेकी थिइन्। उनी पाँच फुट सात इन्च अग्लो थिइन्। कलेट केवल ५ फुट ३ इन्च मात्रै थिइन्।

जब कलेटले त्यस केटीलाई देखिन् *उनी दैत्यजस्तै छिन्* भनेर सोचिन्। *उनको भेट रोचक* हुने महसुस गरिन्।

माट्रोना बैठकको भुईंमा बसेकी थिइन्। सुरुमा उनले कुरा गर्न लाज मानेकी थिइन्।

कलेट उनीसँग बसिन्। केही मिनेट त अनौठो लागेको थियो। तर आफूले उनलाई उपहार ल्याएको सम्झिन्। त्यो पशुहरूको बारेमा विश्वकोश थियो। कलेटले किताव पल्टाइन् र माट्रोनालाई देखाइन्। माट्रोनालाई उत्सुकता जाग्यो। अनि कलेटसँगै पाना पल्टाउन थालिन्। केही समयपछि माट्रोनाले कलेटसँग फोटोहरू हेर्न थालेकी थिइन्।

त्यो रमाइलो भेटघाट थियो। त्यो भेट तीन घन्टासम्म रह्यो।

अर्को महिना तिनीहरू फेरि भेटे र कलेटले माट्रोनालाई बाइबल दिइन्। फोनमा बाइबल पढ्नु भनेर माट्रोनालाई सल्लाह दिइन्, तर त्यो भएन।

माट्रोना आङ्करेजको अर्कै ठाउँमा सरिन्। फेयरबाँकका साथीहरूलाई मिस गरेकोले उनी एक्लै भएको महसुस गरिन्। उनले कलेटलाई दिन-दिनै फोन गरिन् र आफूलाई धर्मपुत्री पाल्न अनुरोध गरिन्। कलेट नयाँ कामको खोजीमा थिइन्। आङ्करेजमा उनको

काम सिद्धिँदैथियो। उनी पश्चिम अलास्काको ठूलो गाउँ बेथेलमा सर्न लागेकी थिइन्। त्यहाँको जनसङ्ख्या ६,००० थियो, र त्यहाँ अस्पताल थियो जहाँ उनले काम गर्न सक्थिन्।

"छ्या," जब कलेट सर्न लागेकी थिइन्, उनलाई नियाँस्रो लाग्यो। उनको निम्ति बेथेल सानो गाउँ थियो र त्यहाँ नियाँस्रो हुने उनले सोचिन्।

